आज मिति २०८२ साल मङसिर महिना २२ गते सोमबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको छैठौं वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री ओमदत्त थापा | सदस्य | का. वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित उपस्थिति | | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

प्रमाणित

**आर्थिक वर्ष २०८२/०८३ को छैठौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः**

मितिः (२०८२/०८/२२)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,
२. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा,
३. नेपाल सरकार अर्थमन्त्रालयको निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा गठित समितिको प्रतिवेदन सम्बन्धमा,
४. यस नगरपालिका अन्तर्गत सेती नदीका घाटहरुको IEE स्वीकृत गरी ठेक्का लगाउने सम्बन्धमा,
५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक सम्बन्धमा,
६. साना तथा घरेलु उद्योग सम्बन्धी विधेयक सम्बन्धमा,
७. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको खर्च स्वीकृत गर्ने सम्बन्धमा,
८. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न घरधुरी सर्वेक्षण कार्यको लागि कार्यदल गठन गर्ने सम्बन्धमा,
९. योजनाको श्रोत सुनिश्चितता गर्ने सम्बन्धमा,
१०. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/०७/२६ गते वसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को पाँचौं बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश, पोखराको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी मिति २०८२/०८/०९ गतेको सूचना बमोजिम यस नगरपालिकामा सञ्चालन हुने गरी प्रस्ताव गरिएको **"शुद्ध दुध, समृद्ध भिमाद"** सम्वन्धी कार्यक्रमको प्रस्ताव पेश गर्ने र सो कार्यक्रमको लागि प्रस्तावित रकम रु. १,१०,००,०००/- मध्ये ३० प्रतिशतले हुन आउने लागत रकम रु ३३,००,०००/- नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश, पोखराको नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने गरी प्रस्ताव गरिएको **"शुद्ध दुध, समृद्ध भिमाद "** कार्यक्रम कार्यन्वयनका लागि तपसिल बमोजिमको कार्यक्रमं कार्यान्वयन समिति गठन गर्नुका साथै यस कार्यालयका शाखा अधिकृत श्री टेकावती ढकाललाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

तपसिल

नगर प्रमुख संयोजक

| | |
|---|---|
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| पशु शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य |
| परियोजना फोकल पर्सन | सदस्य सचिव |

**निर्णय नं. ४**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार अर्थमन्त्रालयको उल्लेखित निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा राय सुभाव पेश गर्ने यस नगर कार्यपालिकाको मिति २०८२।०७।१६ गतेको निर्णयानुसार यसै नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री कमलप्रसाद पुनको संयोजकत्वमा गठित समितिले तयार गरी पेश गरेको प्रतिवेदनलाई सुशासन तथा व्यवस्थापन समितिमा छलफलको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको भौगोलिक क्षेत्रभित्र पर्ने सेतीनदी किनारमा भएका भिमाद नगरपालिका वडा नं. ५ दब्याङ्ग घाट, झकास घाट, बाँदरकुना घाट, गेरुवा घाट र भिमाद नगरपालिका वडा न. ७ स्थित सिस्नेरी घाट र भिमाद नगरपालिका वडा नं. ८ स्थित सेती नदि किनारमा रहेको कसेनी घाटमा नदिजन्य पदार्थ उत्खनन् गर्न तयार गरीएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गरी भिमाद नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ बमोजिम आय ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक क्रियाकलापलाई नियमित र व्यवस्थित गरी स्थानीय वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक निर्माण गर्न विधेयक समितिलाई सौद्धान्तिक सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा घरेलु तथा साना उद्योग सम्बन्धी सेवा प्रवाहलाई सरल सहज पारदर्शी बनाउन लघु घरेलु तथा साना उद्योगसँग सम्बन्धी नीतिगत एवम कानूनी व्यवस्था आवश्यकता परेको हुँदा विधेयक निर्माण गर्न विधेयक समितिलाई सौद्धान्तिक सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा भिमाद नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा नवौं मेयर कप प्रतियोगिता, २०८२ सञ्चालन गर्दा आर्थिक प्रस्ताव अनुसारको खर्च भएको रकम रु १५,३३,९२९।- (प्रन्ध्र लाख तेतीस हजार नौ सय उन्नत्तीस) स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन लागू गर्न र बालश्रम अन्त्य गर्नको लागि उल्लेखित कार्यविधि बमोजिमको विवरण संकलन गर्नको लागि आवश्यक नीति, कानून तर्जुमा, सर्वेक्षणको अनुगमन, विवरण संकलन र बालबालिकाको वस्तुस्थिति प्रतिवेदन तयारी, सम्पादन तथा प्रकाशन लगायतका कार्यहरु गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री कमलप्रसाद पुन | संयोजक |
| उप सचिव (शिक्षा) श्री सन्दिप पौडेल | सदस्य |
| जनस्वाथ्य अधिकृत श्री सुनिता धरेल | सदस्य |
| सूचना प्रविधि अधिकृत श्री आशिष सुवेदी | सदस्य |
| प्रशासकिय अधिकृत श्री भेष बहादुर जि.टी. | सदस्य सचिव |

## निर्णय नं. १०

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.व.०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सरकारको विशेष अनुदानमा भिमाद नगरपालिका वडा नं. ४ मा संचालन हुने गरी पिरुङडाँडा दलित बस्ती एक घर एक धारा खानेपानी निर्माण योजनाको लागि संघीय सरकारबाट रु.१,२७,००,०००।- विनियोजन भएकोमा भिमाद नगरकार्यपालिकाको मिति २०८२/०७/२६ को निर्णयानुसार रकमान्तर गरी सोहि शिर्षकमा थप भएको रु.१८,००,०००।- समेत गरी कुल एकमुष्ठ रु.१,४५,००,०००।- विनियोजन भएकोमा, प्राविधिक शाखाबाट सो कार्यको प्राविधिक लागत अनुमान रु. १,७५,९५,९२१।७४ (अक्षेरुपी एक करोड पचहत्तर लाख पन्चानब्बे हजार नौ सय एक्काइस रुपैया चौहत्तर पैसा (मूल्य अभिवृद्धि कर, पि.एस. र सम्पूर्ण कन्टिजेन्सी सहित) को प्राप्त भएकोले उक्त लागत अनुमान विनियोजित बजेट भन्दा रु.३०,९५,९२१।७४ बढि भएकोमा उक्त बढि हुन आएको रकम वार्षिक नगर विकास योजनाको सि.नं.१०५ को लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना शिर्षकबाट थप गर्नको लागि नगरसभामाबाट अनुमोदन गर्ने गरी संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

प्रस्ताव नं. १० माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको तपसिल बमोजिमको योजना भिमाद नगरपालिकाको विभिन्न वडा को सिफारिसमा योजनाको नाम संशोधन गर्ने नगर सभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम | विनियोजित रकम रु | वडा नं. | सि.नं. | संशोधन पछि योजनाको नाम |
|---|---|---|---|---|---|
| १ | श्री जन प्रेमी आधारभूत विद्यालयको झ्याल ढोका र छाना मर्मत योजना | १,५०,००० | ५ | ७ | फेदिखोला झोलुङ्गेपुल जाने बाटो |
| २ | आँमडाडा अधुरो सामुदायिक समाज भवन निर्माण योजना | ५,००,००० | ५ | ९ | भैरव मार्ग ढलान योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पाथर्दी होमस्टे स्तरोन्नती योजना | ५,००,००० | ९ | ५ | पाथर्दी टोल विद्युत विस्तार तथा स्तरोन्नती |

## निर्णय नं. १२

प्रस्ताव नं. १० माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नगर विकास योजनाको सामाजिक विकास तर्फको सि.नं. ५ मा युवा लक्षित सिप विकास तालिम कार्यक्रम शीर्षकमा रू. ४,००,०००/- र सि.नं. ३२ मा महिला लक्षित सिपमुलक तालिम कार्यक्रम शीर्षकमा रु. २,००,०००/- स्वीकृत भएको बजेटबाट भिमाद नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरुको लागि ड्राइभिङ तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १३

प्रस्ताव नं. १० माथि छलफल गर्दा मुस्लिम भाषा तथा संस्कृति संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालनको लागि प्रस्तावना र अनुमानित बजेट खर्च तपसिल बमोजिमको संस्थाहरुबाट पेश भएको हुँदा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नगर विकास योजनाको सि.नं. २८ मा मुस्लिम भाषा तथा संस्कृति संरक्षण कार्यक्रम शीर्षकमा रू. २,००,०००/- बाट दुवै संस्थाहरुलाई निम्न अनुसारको रकम वाडफाँड गरि मुस्लिम भाषा तथा संस्कृति संरक्षण गर्न कक्षा सञ्चालनको लागि रकम विनियोज गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | प्रस्तावको नाम | प्रस्ताव पेश गर्ने संस्था र ठेगाना | लाभग्राही संख्या | नगरपालिका बाट विनियोजित रकम रु |
|---|---|---|---|---|
| १ | मुस्लिम समुदायलाई इस्लाम धर्म र संस्कृतिको कक्षा सञ्चालन/तालिम | मदर्शा दारुल उलुम (धार्मिक मदर्शा) भिमाद-१, तनहुँ | ४० जना | १,००,०००<br>२०% रकम सम्बन्धित संस्थाबाट थप गर्नु पर्ने। |
| २ | मुस्लिम भाषा उर्दु अरबी र दिनियात तथा संस्कृति संरक्षण कार्यक्रम | भिमाद मुस्लिम समाज, भिमाद-६, तनहुँ | ५० जना | १,००,०००<br>२०% रकम सम्बन्धित संस्थाबाट थप गर्नु पर्ने । |

## निर्णय नं. १४

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि, २०७८ बमोजिमको अनुगमन समितिमा नगर कार्यपालिकाले तोक्नु पर्ने सदस्यहरु तपसिल बमोजिम रहने गरी नगर प्रमुखले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

सरकारी स्वास्थ्य संस्थाको प्रमुख/मेडिकल अधिकृतमा प्राथामिक स्वास्थ्य संस्थाको प्रमुख श्री डा. सुदन अधिकरी — सदस्य

सरकारी स्वास्थ्य संस्थाको नर्स /पब्लिक हेल्थ नर्समा स्टाप नर्स श्री पूर्णिमा नेपाली — सदस्य

स्वास्थ्य व्यवसायीको प्रतिनिधिमा श्री सूर्य बहादुर थापा — सदस्य

निर्णय नं. १५

प्रस्ताव नं. १० माथि छलफल गर्दा मिति २०८२।०८।१७ गतेमा भिमाद नगरपालिका वडा नं ६ स्थित रहेको डम्पिङ साइडमा आगोलागी भएको हुँदा सो आगो एक्साभेटर प्रयोग गरि नियन्त्रण गरिएको हुँदा सि. सि. कन्स्ट्रक्सन प्रा. लि.ले पेश गरेको विल भरपाई अनुसारको रकम रु ६८,०००।०० विपद व्यवस्थापन समितबाट अनुमोदन गर्ने गरी भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको सि. नं. ६२ विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १० माथी छलफल गर्दा भिमाद नगरपालिकाको वडा नं. ६ मा स्थापना गरिएको चिस्यान केन्द्र सञ्चालन गर्न कार्यविधि निर्माण गर्न विधेयक समितिलाई सौद्धान्तिक सहमति दिने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १० माथी छलफल गर्दा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना लमजुङबाट संचालन भइरहेको The Construction Works Of Bhimad Water Supply Project कार्यान्वयनको क्रममा ठेकेदार कम्पनीबाट यस नगरपालिका भित्रका ५, ६ र ७ वडाहरुमा कालोपत्रे सडक काटेर पाइपलाइनको काम सुरुवात गरेकोमा विपद व्यवस्थापन समितिको निर्णय बमोजिम वर्षादको समय अन्त्य नभए सम्मको उक्त काम रोक्का गरिएकोमा अब वर्षाको समय समाप्त भएको हुँदा उक्त रोक्का राखेको योजना कार्यान्वयन गर्न दिने निर्णय गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १० माथि छलफल गर्दा चितवन सक्रिय महिला प्रतिष्ठान चितवनले माग बमोजिम भिमाद नगरपालिकाका सबै वडाहरुमा Strengthening Health Resilience in Nepal - HIV, TB and Malaria सम्बन्धी कार्यक्रम संचालनको गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १० माथी छलफल गर्दा "भिमाद नगरपालिकाको तीन वर्षे राजश्व सुधार कार्ययोजना" (आ.व. २०८३/०८४ देखि ०८५/८६) तर्जुमा गर्नु पर्ने हुँदा उक्त कार्ययोजना निर्माण गर्न भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको सि. नं. २३ सेवा र परामर्श खर्च शीर्षकबाट रु २,००,०००।— (अक्षेरपि दुई लाख) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. २०

प्रस्ताव नं. १० माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा आर्थिक मामिला मन्त्रालयको स्वीकृत वार्षिक विकासकार्यक्रम कार्यान्वयनका सम्वन्धमा मिति २०८२/८/८ गते प्रकाशित सूचना बमोजिम भिमाद नगरपालिकाको वडा नं.५ को कार्यालय भवन निर्माणका लागि स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्वन्धी मापदण्ड २०८१ को दोस्रो संशोधन बमोजिम वडा कार्यालय भवन निर्माणमा जम्मा लागत अनुमान रु २,१९,९२,३३२/-(अक्षरुपी रु दुई करोड उन्नाइस लाख वयानब्बे हजार तीन सय वत्तीस) प्रस्ताव गरिएको मध्ये पचास प्रतिशतले हुन आउने रकम रु. १,०९,९६,१६६/- (अक्षरुपी रु एक करोड नौ लाख छयानब्बे हजार एक सय छैसठ्ठी) मात्र नगरपालिकाले लागत व्यहोर्ने निर्णय गरियो ।